**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०६ जनवरी २०२६**
**समयः ०६:२५ - ०६:३० बजे** (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. केन्द्रीय स्वास्थ्य मन्त्री जेपी नड्डाले राज्यकी मुख्यमंत्री ममता बनर्जीले जनकल्याणकारी योजना आयुष्मान भारतलाई अस्वीकार गरेकोले जनताले २०२६ मा जनताले उनलाई पनि जवाफ दिने बताउनुभयो ।

२. चार दिवसीय विकसित भारत युवा नेता संवाद -2026 को दोस्रो संस्करण आज नयाँ दिल्लीमा सुरु हुँदैछ।

३. पश्चिम बंगालका प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले प्रवर्तन निर्देशनालय (ईडी) को छापामा मुख्यमन्त्री ममता बनर्जीको हस्तक्षेपमाथि कडा आपत्ती जनाउनु भयो।

४. मुख्यमन्त्री ममता बनर्जीले ईडीको कारबाहीको विरोधमा प्रदर्शन गर्नुहुनेछ।

५. खरसाङ खण्ड विकास कार्यालयमा चलिरहेको एसआईआरको सुनवाईमा जनसाधारणलाई पर्न जाने दस्तावेज सम्बन्धित समस्यामा पञ्चायत समितिले सहयोग गर्ने भएको छ।

**जेपी नड्डा**

केन्द्रीय स्वास्थ्य मन्त्री जेपी नड्डाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा स्वास्थ्य क्षेत्रमा आएको ऐतिहासिक परिवर्तनलाई प्रकाश पार्दै पश्चिम बंगालको तृणमूल कांग्रेस सरकारमाथि कडा प्रहार गर्नुभयो । हिजो साँझ डाक्टरहरूको एक सम्मेलनलाई सम्बोधन गर्दै उहाँले दिल्लीमा अरविन्द केजरीवालले आयुष्मान भारत योजनालाई अस्वीकार गरेकोले जनताले उनलाई सत्ताबाट बाहिरिने बाटो देखाएको बताउदै पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले पनि यो जनकल्याणकारी योजनालाई अस्वीकार गरेकोले २०२६ मा जनताले उनलाई पनि जवाफ दिने बताउनुभयो । डाक्टरहरूको बैठकलाई सम्बोधन गर्दै श्री नड्डाले भन्नुभयो, 'विकसित भारतको सपना तब मात्र साकार हुन सक्छ जब देशको जग स्वस्थ भारतमा आधारित हुनेछ। विगत एघार वर्षमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा स्वास्थ्य क्षेत्रमा अभूतपूर्व र ऐतिहासिक परिवर्तन भएको छ, जसले देशको स्वास्थ्य प्रणालीको दिशा र अवस्था दुवै परिवर्तन गरेको छ। श्री जे पी नड्डाले भन्नुभयो, २०१७ मा लागू गरिएको राष्ट्रिय स्वास्थ्य नीतिले भारतको सोचलाई उपचारको सट्टा निवारक, प्रोत्साहक, उपचारात्मक, उपशामक, पुनर्स्थापना र वृद्धावस्थाको स्वास्थ्यको समग्र अवधारणासँग जोडेको छ। उनले भने कि यो नीति समग्र सरकारी दृष्टिकोणमा आधारित छ जसमा सबै विभागहरू मिलेर काम गरिरहेका छन् र मानव, पशु, वातावरण र कृषिलाई एकै साथ हेरिएको छ।

आयुष्मान भारत योजनाको उल्लेख गर्दै केन्द्रीय मन्त्रीले भन्नुभयो, यो विश्वको सबैभन्दा ठूलो स्वास्थ्य बीमा योजना हो जसअन्तर्गत देशका ६३ करोडभन्दा बढी गरिब र विपन्न नागरिकहरूले ५ लाख रुपैयाँसम्मको निःशुल्क उपचार पाइरहेका छन्। उहाँले पश्चिम बङ्गालका जनता राजनीतिक कारणले यस योजनाबाट वञ्चित भएको र देशका अन्य राज्यका गरिबहरूले यसको लाभ लिइरहेको बताउनु भयो।

**युवा नेता संवाद**

चार दिवसीय विकसित भारत युवा नेता संवाद -2026 को दोस्रो संस्करण आज नयाँ दिल्लीमा सुरु हुँदैछ। युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मंडावियाले हिजो नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै यो घोषणा गर्नुभयो। भोलि राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलको उपस्थितिमा औपचारिक उद्घाटन समारोह आयोजना गरिने उहाँले भन्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको १२ तारिखमा समापन समारोहमा भाग लिनुहुनेछ।

चार दिने यस सम्मेलनमा भारत र विदेशका 2,500 भन्दा बढी युवाहरूले भाग लिने श्री मांडवियाले बताउनु भयो। भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) का अन्तरिक्ष यात्री ग्रुप क्याप्टेन शुभांशु शुक्ला र ग्रुप क्याप्टेन प्रशान्त नायरले सहभागीहरूसँग अन्तरक्रिया गर्नेछन् भने भारतीय महिला क्रिकेट टोलीकी कप्तान हरमनप्रित कौरले फायरसाइड संवादमा भाग लिनेछिन्।

**प्रतीक जैन**

आई-पैकका सह-संस्थापक प्रतीक जैनले प्रवर्तन निर्देशनालय (ईडी) विरुद्ध कलकत्ता हाईकोर्टको एकल पीठमा याचिका दायर गरेका छन्। उनले ईडीले कोलकाताको उत्तरी उपनगरमा रहेको लाउडन स्ट्रिटस्थित उनको घर र आई-पीएसी कार्यालयमा छापा मारेको र छापामारीलाई चुनौती दिएका छन्। न्यायाधीश सुब्रा घोषको एकल पीठले जैनको निवेदनलाई स्वीकार गरेको थियो। यसअघि ईडीले पनि सोही पीठमा एक याचिका दायर गरेको थियो जसमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आफ्नो संवैधानिक पदको दुरुपयोग गरेको र छापा मार्ने क्रममा केन्द्रीय एजेन्सीका अधिकारीहरूको आधिकारिक काममा बाधा पुर्याएको आरोप लगाएकी थिइन्।

ईडी र प्रतीक जैन दुवैको याचिका घटनाक्रमसँग सम्बन्धित छ र दुवैलाई एउटै बेन्चले स्वीकार गरेको छ, त्यसैले न्यायाधीश सुब्रा घोषको बेन्चले दुवै मुद्दाको एकसाथ सुनुवाइ गर्नेछ।

यसअघि मुख्यमन्त्री ममता बनर्जीले ईडीले छापा मार्ने नाममा तृणमूल कांग्रेससँग सम्बन्धित कागजात चोरेको आरोप लगाउनु भएको थियो। ईडीले यी आरोपहरूको खण्डन गर्दै यो छापा अनुप मांझीको नेतृत्वमा रहेको कथित कोइला तस्करी सिन्डिकेटसँग सम्बन्धित मनी लाउन्ड्रिंग अनुसन्धानको सम्बन्धमा थियो र यसको कुनै पनि राजनीतिक दलसँग आई-पीएसीको आबद्धतासँग कुनै सम्बन्ध थिएन। यता तृणमूल कांग्रेसले एक विज्ञप्ति जारी गर्दै, 'मुख्यमन्त्री आज सडकमा उत्रिने र ईडीको कारबाहीको विरोधमा प्रदर्शन गर्नेछन्। पार्टीका अनुसार ममता बनर्जीले दिउँसो दुई बजे जादवपुरदेखि हाजरा मोड़सम्म विरोध र्यालीको नेतृत्व गर्नेछिन्

यता पश्चिम बंगालका प्रदेश अध्यक्ष तथा राज्यसभा सांसद शमिक भट्टाचार्यले प्रवर्तन निर्देशनालय (ईडी) को छापामा मुख्यमन्त्री ममता बनर्जीको हस्तक्षेपमाथि कडा आपत्ती जनाउनु भयो। साल्ट लेकस्थित भाजपाको राज्य कार्यालयमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उहाँले, 'संवैधानिक पदमा रहँदा मुख्यमन्त्रीले सरकारी जाँच एजेन्सीको प्रत्यक्ष हस्तक्षेप लोकतान्त्रिक प्रणालीका लागि पूर्ण रूपमा अवैध, अनैतिक र खतरनाक मिसाल भएको आरोप लगाउनु भयो।

**सिलीगुड़ी**

कोइला घोटालाको अनुसन्धानको सिलसिलामा तृणमूल कांग्रेसका प्रमुख प्रतीक जैनको घरमा प्रवर्तन निर्देशनालय (ईडी) को छापाको विरोधमा दार्जीलिङ जिल्ला तृणमूल कांग्रेसको आह्वानमा सिलीगुडीको भेनस मोरमा विरोध प्रदर्शन गरिएको थियो। कार्यक्रममा जिल्ला नेतृत्वका साथै विभिन्न ब्लक तथा संगठनका अगुवाहरु, कार्यकर्ता र ठूलो संख्यामा पार्टी समर्थकहरुको उपस्थिति रहेको थियो। ब्यानर र प्लेकार्ड बोकेर प्रदर्शनकारीले सिलगुडीको हाशमी चोकबाट हिलकार्ट रोड हुँदै जुलूस निकालेका थिए।

**एसआईआर**

खरसाङ खण्ड विकास कार्यालयमा चलिरहेको मतदाता गहन पुनरीक्षण (एसआईआर) को सुनवाईमा जनसाधारणलाई पर्न जाने दस्तावेज सम्बन्धित समस्यामा पञ्चायत समितिले सहयोग गर्ने भएको छ। जनसाधारणलाई कुनै पनि सहयोग चाहिएमा खरसाङ पञ्चायत समितिको तर्फबाट हेल्प डेक्समार्फत सहयोग प्रदान गरिने बताइएको छ। खरसाङ पञ्चायत समितिकी सभापति अनु प्रधानले जनसाधारणलाई चिन्तित नभई दिन आह्वान पनि गरेकी छन्। उनले पत्रकारहरुसित कुराकानी गर्दै कागज पत्र सम्बन्धित कामकाजको लागि जनसाधारणलाई समिति कार्यालयमा आएर सम्पर्क गर्न सक्ने बताउदै एसआईआर विषयमा साथै यसको सुनवाईलाई लिएर जनसाधारणलाई आतंकित नभइ कुनै पनि प्रकारको सहयोग चाहिएमा खरसाङ पञ्चायत समिति सहयोग गर्न तत्पर रहेको बताएकी छन्।

**गोर्खा सांस्कृतिक संस्थान**

गोर्खा सांस्कृतिक संस्थान खरसाङको सभा आज गोर्खा सांस्कृतिक चिन्तन भवन, आईएनए बस बिसौनी परिसरमा संस्थानकी अध्यक्ष आशा मुखिया लामाको अध्यक्षतामा सम्पन्न भयो। सभामा गोर्खा नव-वर्ष 2083 लाई भव्य स्वागत जनाउँदै दुई दिवसीय कार्यक्रम आयोजना गरिने सभामा सर्वसम्मतिले निर्णय लिइयो। सभामा पहिलो वैशाखका दिन खरसाङ अनि वरिपरि क्षेत्रका सम्पूर्ण संघ संस्था, जातगोष्ठी समुदाय, पाठशाला, महाविद्यालयका छात्र-छात्रा, सरकारी, गैरसरकारी प्रशिक्षण केन्द्रका प्रशिक्षणार्थीहरूलाई समावेश गरेर जातीय पोशाकमा सज्जिएर नव-वर्षलाई गीत, संगीत, नृत्य अनि नौमतीले स्वागत जनाउँदै विराट अनि भव्य सांस्कृतिक शोभायात्राको आयोजना गर्ने निर्णय लिइयो। शोभायात्रा सम्पन्न भएपछि स्थानीय पार्क लोकेसनको सार्वजनिक भवनमा गोर्खा नेपाली जातिका सांस्कृतिक धरोहर, वरिष्ठ लोक संगीतकार नरेन गुरूङ, 'पद्मश्री', गान्तोक, सिक्किमलाई गोसांसको पक्षबाट सम्मान गर्ने निर्णय पनि लिइयो। यसरी नै आफ्नो सम्पूर्ण जीवन सारङ्गीमा अर्पेर जीवन धान्ने वरिष्ठ सारङ्गीवादक प्रेम गन्धर्व, खरसाङलाई सम्वर्द्धना जनाउने निर्णय पनि सभाले लिएको छ। यस अतिरिक्त, 15 अप्रेल,का दिन सोही भवनमा "जातीय खाद्योत्सव" अनि "लोक संगीतमय साँझ" को आयोजन गरिने सभामा निर्णय लिइयो। सभामा गुरु गोरखनाथको मूर्ति निर्माण गरिने प्रस्ताव लिइयो भने मूर्ति बाग्राकोट निवासी वरिष्ठ मूर्तिकार अमीर सुन्दासबाट निर्माण गरिने सभाले तय गरेको छ। सभामा गोर्खा सांस्कृतिक संस्थान, खरसाङका सदस्यहरूले यथाशक्ति आर्थिक अनुदान दिएर मूर्ति निर्माण अभियानलाई सफल तुल्याउने जमर्कोमा दिलोज्यानले लागिपरेको सचिव प्रणिता मुखियाले बताएकी छन्। गोर्खा जातिका प्रतीक पुरुष गुरु गोरखनाथको मुर्ति निर्माण अभियानमा आर्थिक सहयोगको निम्ति खरसाङ वरिपरिका सम्पूर्ण संघ संस्था जातगोष्ठी समुदायहरूसित पत्राचार गरेर निवेदन टक्र्याउने पनि सभामा सर्वसम्मतिले पारित गरिएको छ।

****** ० ******